# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका सचिव श्री राधारमण उपाध्याय बेंककमा हुने युनिडोको दोस्रो साधारण सभामा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रविदेव शर्मालाई मिति २०४४।७।२३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४४।२।११ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूह, रा.प. तृतीय श्रेणीको पदमा १ (एक) वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम, थर | पद, पदसंकेत र पदस्थापन भएको कार्यालय |
|---|---|---|
| १. | श्री रोशनी शाक्य | सहायक वैज्ञानिक अधिकृत, वा।वनस्पा।वि। ०७।४६, वनस्पति विभाग, शाही औषधी अनुसन्धानशाला । |
| २. | श्री रमिला प्रधान | सहायक वैज्ञानिक अधिकृत, वा।वनस्पा।वि। ०७।२४, वनस्पति विभाग, शाही औषधी अनुसन्धानशाला । |
| ३. | श्री ओमप्रकाश यादव | केमिष्ट, शि।पु।वि।०७।३५, पुरातत्व विभाग । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३८